<u>प्रेस वज्ञप्ति</u>

<u>'ग्लोबल टीन हीरो' का अन्तिम २० प्रतियोगीसँग दूतावासको अन्तर क्रया</u>

भारतीय राजदूतावास र एम÷एस ग्लोबल प्राइभेट ल मटेडले दूतावासका नियोग उप–प्रमुख श्रीमती नामग्य खम्पा र दूतावासको सहयोगमा सञ्चा लत 'ग्लोबल टीन हीरो' कार्यक्रमका अन्तिम २० जना प्रतियोगीबीच भर्चुअल अन्तर क्रयाको आयोजना गर्‍यो । नेपालका व भन्न जिल्लाबाट आएका १४ दे ख २० वर्ष उमेर समूहका अन्तिम २० प्रतियोगीहरुले उत्सुकता एवम् चासोका साथ नियोग उप–प्रमुख खम्पासँग अन्तर क्रया गरे । २० सहभागीहरुमा सामाजिक उद्यमी, अ भयन्ता, शक्षक लगायत नवीन सोच भएका व्यक्तिहरु थए ।

२. प्रतियोगीहरुले आफ्ना व्यक्तिगत जीवन कथा र आफूले गरेका कामहरुको अनुभव एक आपसमा साटासाट गर्नुका साथै आफ्ना समुदाय, आफ्ना परिवार र आफू स्वयमका ला ग साँचेका भ वष्यका आकांक्षाहरु बारे बताएका थए । आ–आफ्ना समुदायको वकासका ला ग प्रत्येक प्रतियोगीले आफ्नै तवरबाट योगदान पुर्‍याएका छन् र सानै उमेरमा उनीहरुले देखाएको साहस, उनीहरुले पुर्‍याएको योगदान र हा सल गरेका उपलब्धिहरुलाई कदर गर्न हेतु उनीहरुलाई प्रतिष्पर्धी (Glocal 20under20 नाम दिइएको) को रुपमा छनौट गरिएको हो ।

३. अन्तर क्रयामा बोल्दै नियोग उप–प्रमुख खम्पाले पहलकदमी थालनीको महत्वबारे चर्चा गर्दै प्रत्येक प्रतियोगीहरुले परिवर्तनको सम्वाहक बन्न देखाएको जोश र उत्साहको सराहना गर्नुभयो । ती प्रतियोगीहरु नेपाल र भारत–नेपाल सम्बन्धको भ वष्य भएको े बताउँदै खम्पाले उनीहरुलाई समुदाय, समाज र देशको रुपान्तरणतर्फ काम गर्न प्रेरित गर्नुभयो । साथै वहाँले प्रतियोगीहरुलाई क्षेत्रीय सम्बन्ध वस्तारलाई जोड दिदै नेपालको मात्र नभई संगो द क्षण ए सयाको भ वष्य कोर्ने नेतृत्वदायी भू मकामा खरो उत्रिन पनि अ भप्रेरित गर्नुभयो ।

४. कार्यक्रमको अन्तमा प्रश्नउत्तर सत्रमा उपस्थित सहभागीहरुले कूटनीति, छिमेकी मुलुकमा दे खएका समस्या र चुनौतीमा भारतले देखाएको अग्रसरता, पेशा छनौट र सीप ज्ञान हा सल गर्नुको महत्वसँग सम्बन्धित वषयमा व वध प्रश्न, जिज्ञासा राख्नुका साथै उनीहरुले उठाएका प्रश्न, जिज्ञासाको उत्तर दिइएको थयो ।